नेपाल सरकार
संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)
फोन:- ०१-४२००२९८
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- ०७५/०७६
चलानी नं:- ४२

मिति: २०७५/०५/१९

श्री स्थानीयतहहरु (सबै)

**विषय: Mobile App संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयको सन्दर्भमा, संचार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभागको मिति २०७५/०४/२८, च. नं. ८७ को पत्र अनुसार सम्पूर्ण स्थानीय तहहरूको लागी निर्माण गरिएको मोबाइल एप (**mobile app**) स्थानीयतहले नि:शुल्क रुपमा प्राप्त गर्न सक्ने हुँदा सूचना प्रविधि विभागसंग समन्वय गरि संचालनमा ल्याउन सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ । तत्काल उक्त मोबाइल एप संचालनमा ल्याउनका लागि स्थानीयतहद्वारा आफ्नो वेबसाइटहरुमा आवश्यक सामग्री अनिवार्य रूपमा राखी अध्यावधिक गर्नु पर्ने भएकाले यसै साथ संलग्न जानकारी पुस्तिका अनुसार सामग्री व्यवस्थापन गर्न हुन साथै उल्लेखित प्रक्रिया अनुसार मोबाइल एप प्राप्त गरि संचालनमा ल्याउनु हुन अनुरोध छ।

(देवेन्द्र कुमार झा)
क. अधिकृत

# स्थानीय तह मोबाइल एप संचालन गर्ने सम्बन्धि जानकारी पुस्तिका


मोबाईल एप बारे 3

मोबाईल एप संचालन गर्न आवश्यक सामग्री 6

मोबाइल एप प्राप्त गर्ने प्रक्रिया 7

अनुसूची- १: प्राविधिक सहयोग / जानकारीका लागि सम्पर्क 8

अनुसूची- २: मोबाइल एप प्राप्त गर्न सूचना प्रविधी विभागमा पत्राचार गरिने पत्रको ढाँचा 9

## मोबाईल एप बारे

स्थानीय तहका सम्पूर्ण सूचना तथा जानकारीहरू जनस्तरमा छिटो र छरितो ढंगले सम्प्रेषण गर्न, सेवा तथा सुविधा सम्बन्धि जानकारी प्रदान गर्न साथै गुनासोहरू तथा समस्याहरूको उचित व्यवस्थापन गर्न सूचना प्रविधि विभागद्वारा सबै स्थानीय तहका लागि मोबाईल एप विकास गरिएको छ।

हाल धुलिखेल नगरपालिकाका लागी तयार गरिएको यो एप, सबै स्थानीय तहले निशुल्क प्राप्त गरी प्रयोगमा ल्याउन सक्दछन।

मोबाईल एपमा विशेषताहरू

- स्थानीय तह सम्बन्धि जानकारी:
    - संक्षिप्त परिचय र तथ्यांकहरू
    - GIS श्रोत नक्साहरू
    - जन-प्रतिनिधिहरूको फोटो सहितको सम्पर्क विवरण
    - कर्मचारीहरूको फोटो सहितको सम्पर्क विवरण
    - सबै वडाहरूको नक्शा सहितको वस्तुगत विवरण तथा सम्पर्क विवरण
    - ऐन कानुन निर्देशिका
    - बजेट तथा कार्यक्रम
    - आपतकालीन नम्बर
    - योजना तथा परियोजना
- स्थानीय तहका सम्पूर्ण सूचना र जानकारी:
    - स्थानीय तहले वेबसाइटमा राखेका सूचना तथा जानकारी प्रयोगकर्ताले तुरुन्तै प्राप्त गर्न सक्दछन्।
- स्थानीय तहले नागरिक वडापत्र अनुसार प्रदान गर्ने सम्पूर्ण सेवाहरूको विवरण
    - लाग्ने समय
    - जिम्मेवार अधिकारी
    - सेवा दिने कार्यालय
    - सेवा शुल्क

- आवश्यक कागजातहरु
- प्रक्रिया
- नमुना फाराम, आदि ।

- स्थानीय तहका कार्यक्रम तथा परियोजनाहरूको विवरण
  - स्थानीय तहले वेबसाइटमा राखेका कार्यक्रम तथा परियोजनाको विवरण प्राप्त गर्न, पढ्न र सुरक्षित राख्न सक्दछन् ।

- स्थानीय तह अन्तर्गत रहेका महत्वपूर्ण स्थानहरूको विवरण:
  - महत्वपूर्ण स्थानहरूको वर्गीकरण (जस्तै अस्पताल, शैक्षिक संस्था, पर्यटन स्थल, होटल आदि) गरीएको
  - अन्तरक्रियात्मक नक्शामा हेर्न सकिने
  - स्थान र वर्गीकरण थपघट गर्न सकिने

- जनमत:
  - स्थानीय तहले कुनै प्रसंगमा जनता संग जनमत लिन सक्नेछन् भने जनताले यस एपबाट आफ्नो मत प्रदान गर्न सक्नेछन् ।

- सुझाव तथा गुनासो:
  - मोबाईल एप प्रयोगकर्ताले स्थानीय तह अन्तर्गत सुझाव वा गुनासोहरू दर्ता गर्न सक्दछन । यसरी दर्ता गरिएका सुझाव वा गुनासोहरूलाई स्थानीय तहका जिम्मेवार कर्मचारीले हेर्न, वर्गीकरण गर्न र आवश्यक कारवाहीका लागि बढाउन सक्दछन्।

- समस्या दर्ता:
  - मोबाईल एप प्रयोगकर्ताले स्थानीय तह अन्तर्गत समस्याहरू दर्ता गर्न सक्दछन । यसरी दर्ता गरिएका समस्या स्थानीय तहका जिम्मेवार कर्मचारीले हेर्न, वर्गीकरण गर्न र आवश्यक कारवाहीका लागि बढाउन सक्दछन्।

- FAQ (प्राय: सोधिने प्रश्नहरू):
  - जनताले स्थानीय तह सम्बन्धि प्राय: सोधिने प्रश्नहरू र तिनको जवाफ यस एपबाट प्राप्त गर्न सक्दछन् ।

> मोबाइल एप हेर्न (धुलिखेल नगरपालिकाको हाल संचालनमा रहेको एप ) निम्न लिंकमा जानुहोसः

https://play.google.com/store/apps/details?id=sms.doit_dhulikhel

> वेबसाइटको सामग्री व्यवस्थापन हेर्न (धुलिखेल नगरपालिकाको हाल संचालनमा रहेको वेबसाइट) निम्न लिंकमा जानुहोसः

http://dhulikhelmun.gov.np

## मोबाईल एप संचालन गर्न आवश्यक सामग्री

स्थानीय तहले सम्बन्धि वेबसाइटमा अध्यावधिक गर्नु पर्ने विवरण र सामग्रीहरू निम्न प्रकार छन्:

- सम्पर्क विवरण
- आपतकालीन नम्बर
- प्राय: सोधिने प्रश्नहरु
- महत्वपूर्ण स्थानहरु
- सेवाहरु
- वडा विवरण
- सम्पर्क विवरण
- ऐन कानुन
- जनमत
- सूचना तथा जानकारी
- बजेट तथा कार्यक्रम
- योजना तथा परियोजना

सूचना प्रविधि अधिकृतले सम्बन्धित प्रादेशिक सहयोग इकाईमा कार्यरत सूचना प्रविधि विज्ञको समन्वयमा वेबसाइटको संरचनामा गर्नुपर्ने परिवर्तनका लागि निम्न लिंक हेर्नुहोला:

https://docs.google.com/spreadsheets/d/1y4IHaNekyt5TGB3oJdOQ3bsSgerCU1UNCxWkpmyNWp8/edit#gid=933541575

## मोबाइल एप प्राप्त गर्ने प्रक्रिया

१. अनुसूचीमा उल्लेखित ढांचा र व्यहोरा अनुसारको पत्र सूचना प्रविधि विभागमा मोबाइल एप माग गर्न पत्राचार गर्ने

२. यस जानकारी पुस्तिकामा उल्लेख भए अनुसार, सम्बन्धित स्थानीय तहको वेबसाइटमा सामग्री थप/ अध्यावधिक गर्ने

३. सामग्री अध्यावधिक भए पश्चात सम्बन्धित प्रादेशिक सहयोग इकाईमा कार्यरत सूचना प्रविधि विज्ञलाई सम्पर्क गरी वेबसाइटमा आवश्यक परिवर्तन गर्ने

४. सम्बन्धित सूचना प्रविधि विज्ञको समन्वयमा मोबाइल निर्माणकर्ता वा सूचना प्रविधि विभाग लाई सम्पर्क गरी मोबाइल एप प्राप्त गर्ने ।

## अनुसूची- १: प्राविधिक सहयोग / जानकारीका लागि सम्पर्क

| | | | | |
|---|---|---|---|---|
| मोबाइल एप सम्बन्धि आधारभूत जानकारी लागि | सूचना प्रविधि विभाग | सूचना प्रविधि विभाग, थापागाउँ, काठमाडौँ | सुदर्शन गुरागाँईं- ९८५१२४४२२९ | |
| | मन्त्रालय | LGCDP कार्यक्रम समन्वय ईकाई, काठमाडौँ | देवेन्द्र कुमार झा- ९८६१६६७७३३<br>नागेश बडू- ९८५११७६०८८<br>विक्रम खतिवडा- ९८५१२७६०८३ | |
| मोबाइल एप सम्बन्धि प्राविधिक जानकारीका लागि | मन्त्रालय | LGCDP कार्यक्रम समन्वय ईकाई, काठमाडौँ | अपूर्व सिंह- ९८५११७६०८६ | |
| अन्तर्गतका स्थानीय तहमा प्राविधिक सहयोग र समन्वयका लागि | प्रदेश नं १. | LGCDP प्रादेशिक सहयोग इकाई, विराटनगर | निरज दाहाल- ९८५११७६०८१ | |
| | प्रदेश नं २. | LGCDP प्रादेशिक सहयोग इकाई, जनकपुर | बिशाल गौतम- ९८५११७६०८३ | |
| | प्रदेश नं ३. | LGCDP प्रादेशिक सहयोग इकाई, धुलिखेल | जशिमन स्थापित- ९८५११७६०८५ | |
| | गण्डकी प्रदेश | LGCDP प्रादेशिक सहयोग इकाई, पोखरा | प्रणय नकर्मी- ९८५११७६०८४ | |
| | प्रदेश नं ५. | LGCDP प्रादेशिक सहयोग इकाई, नेपालगंज | अभिलाष चक्रवर्ती- ९८५११७६०८२ | |
| | कर्णाली प्रदेश | LGCDP प्रादेशिक सहयोग इकाई, सुर्खेत | पन्चदेव भट्ट- ९८५१२४३९३४ | |
| | प्रदेश नं ७. | LGCDP प्रादेशिक सहयोग इकाई, धनगढी | दुर्गा प्रसाद भट्ट- ९८५११७६०८५ | |

## अनुसूची- २: मोबाइल एप प्राप्त गर्न सूचना प्रविधी विभागमा पत्राचार गरिने पत्रको ढाँचा

मिति: २०७५/०५/१२

श्री सूचना प्रविधि विभाग,

थापागाउँ, काठमाडौँ

विषय: **Mobile App** बारे

प्रस्तुत विषयमा, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति xxxxxxxx को पत्र अनुसार, तहाँ सूचना प्रविधि विभागद्वारा सम्पूर्ण स्थानीय तहहरूको लागी मोबाइल एप (mobile app) तयार भईसकेको व्यहोरा अवगत भयो । उक्त पत्र साथ् संलग्न जानकारी पुस्तिका अनुसार आवश्यक सामग्री तयार गरिसकेको र मोबाइल एपका लागि आवश्यक वेबसाइट संरचना रयार गरिसकेकाले तहाँ विभागको कार्यालयबाट तयार गरिएको **mobile app** संचालनका लागि प्रदान गर्नु हिना अनुरोध छ ।

________________

(नाम थर)

पद